# अनलाईनबाट राजस्व बुझाउने/दाखिला गर्ने तरिका

- आइडि/पासवर्ड नभएमा राजस्व पोर्टल (**revenue.fcgo.gov.np**) मा **Sign up** मा **CLICK** गर्ने, आफ्नो मोबाइल नम्बर **entry** गरे पछि **OTP** प्राप्त गरेर **account** बनाउन सकिन्छ।
- **आइडि/पासवर्ड** भएपछि राजस्व पोर्टल (revenue.fcgo.gov.np) मा **Sign in** गर्ने,
- **Sign In** भए पछि नयाँ भौचर मा **CLICK** गर्ने,
- "राजस्व रकम दाखिला गर्ने कार्यालय कुन सरकार अन्तर्गत पर्दछ?" मा **प्रदेश सरकारमा** **CLICK** गर्ने। संघीय कार्यालयमा राजस्व बुझाउने भए संघीय सरकार छान्ने।
- त्यसपछि प्रदेश सरकार कोशी प्रदेश छान्ने।
- सम्बन्धित जिल्लालाई **Select** गर्ने त्यसपछि सम्बन्धित मन्त्रालय/कार्यालयलाई **Select** गरी **दायाँपट्टि माथि नयाँ** मा **CLICK** गर्ने। (अंग्रेजी/नेपाली मिति, बैंक, कार्यालय नाम/कोड आफैं आउँछ।)
- **भुक्तानी कर्ताको कोडमा केही लेख्न पर्दैन। त्यसपछिको विवरणमा** राजस्व तिर्नेको स्थायी लेखा नम्बर (**PAN**) भर्ने। नेपाली/अंग्रेजी नाम, ठेगाना, मोबाईल नम्बर (**खाली छ भने**) भर्ने।
- उद्देश्य छान्ने (भएको मध्ये कुनै एउटा छान्ने। राजस्वको प्रयोजन अनुसार उद्देश्य रहन्छ)।
- **राजस्व शिर्षक** छान्ने (जुन प्रयोजनमा राजस्व तिर्ने हो त्यही शीर्षक छान्ने। शीर्षक नभेटे उद्देश्य फेर्ने)
- **विवरणमा** राजस्व तिर्ने प्रयोजन लेख्ने। के कामको लागि राजस्व तिरेको हो त्यो खुलाउने।
- **रकममा** कानूनमा तोकिएको दर बमोजिमको रकम भर्ने। राजस्व बुझाउने रकम अंकमा लेख्ने।
- **कर वर्षमा आर्थिक वर्ष** छान्ने (जस्तैः २०८३/८४), अग्रिम कटौती हो भने टिक लगाउने नभए खाली नै छोड्ने र **NEXT** मा **CLICK** गर्ने। (एक भन्दा बढी शीर्षक भए (+) थप गर्ने।)
- भरेको विवरण तथा रकम रुजु गर्ने। त्यसपछि **सेभ गर्नुहोस & भुक्तानी गर्नु होस्** मा **CLICK** गर्ने,
- त्यसपछि **PAY NOW** र **PAY LATER** भएको interface देखिन्छ, **अहिले नै ONLINE बाट** भुक्तानी गर्ने भए **PAY NOW** मा **CLICK** गर्ने र e-sewa, Khalti, Connect IPS, **QR Scan** गरेर **Mobile Banking** बाट तोकिएको रकम भुक्तानी गर्न सकिन्छ। रकम payment भएपछि कार्यालयको **RMIS** मा देखिन्छ।
- भौचर **Save** गरेर राख्ने। रकम तिरिसकेपछि सम्बन्धित कार्यालयमा भौचर/जानकारी दिने। राजस्व पोर्टलको मुख्य मेनुमा गई **भुक्तानी गरिएको भौचरमा click** गरेर राजस्व तिरेको हेर्न सकिन्छ।

**पुनश्चः** एउटा व्यक्तिको आइडिबाट लगइन गरेर अर्को व्यक्ति/फर्मको नामको राजस्व पनि तिर्न सकिन्छ। त्यसको लागि माथिको तरिकाले राजस्व भौचर भर्दा स्थायी लेखा नम्बर **PAN र विवरण** चाहिँ राजस्व तिर्नेको भर्नु पर्दछ।

**(नोटः अनलाईनबाट राजस्व दाखिला नगर्ने भएमा अथवा बैङ्कमा गएर रकम तिर्ने भए राजस्व पोर्टलबाट भौचरको विवरण भर्न सकिन्छ। माथिको तरिका अनुसार सेभ गर्नुहोस & भुक्तानी गर्नु होस् मा CLICK गरिसकेपछि Pay Later मा क्लिक गर्ने र राजस्व भौचर सेभ गरेर प्रिन्ट गर्ने। प्रिन्ट गरिएको राजस्व भौचर लिएर सम्बन्धित बैङ्कमा गई रकम दाखिला गर्नु पर्दछ। )**

**थप जानकारी आवश्यक भएमा प्रदेश राजस्व कार्यालय, इटहरीको फोन नम्बर ०२५-५९०७१९ वा मोवाइल नम्बर ९८६२९७९५१८ मा सम्पर्क गर्नुहोला।**